१६६६३-

# लोक सेवा आयोग

राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

खुल्ला प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

समय :- ३ घण्टा २०७५।११।५

पूर्णाङ्क :- १००

पत्र :- प्रथम

विषय :- प्रशासन र व्यवस्थापन

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

१. विश्वमा प्रचलित केही प्रमुख शासकीय व्यवस्थाको चर्चा गर्दै नेपालको संविधानले उल्लेख गरेको शासकीय स्वरुपले नेपालमा राजनीतिक स्थायित्व र लोकतन्त्रलाई कति सुदृढ तुल्याउन सक्दछ ? विश्लेषणात्मक टिप्पणी गर्नुहोस्। १५

२. विकास प्रशासनलाई आर्थिक विकासको मेरुदण्डको रुपमा लिइने भएकोले विकास प्रशासनलाई प्रभावकारी र परिणाममुखी बनाउने विभिन्न प्रयासहरु भए। अव विकास प्रशासनको औचित्य समाप्त समेत भयो भनिएको छ। विकासोन्मुख मुलुकका लागि विकास प्रमुख एजेण्डा हो। यस एजेण्डालाई विकास प्रशासनकै पुरानो मोडल वा अन्य कुनै नयाँ मोडलबाट परिणाममुखी ढंगले अगाडी बढाउनु उपयुक्त होला ? व्यवहारिक सुझाव दिनुहोस्। १५

३. नेपालको सार्वजनिक प्रशासनमा कर्मचारी उत्प्रेरणा अभिबृद्धिको सन्दर्भमा विद्यमान नीतिगत व्यवस्थाहरुको विश्लेषण गर्दै वर्तमान परिप्रेक्ष्यमा उक्त व्यवस्थाहरुमा के कस्ता सुधारहरु अपेक्षित ठान्नुहुन्छ ? आफ्नो मौलिक धारणा प्रस्तुत गर्नुहोस्। (१०+५)= १५

४. मुलुक संघीयतामा गै सकेपछि कर्मचारीहरु (Functionaries) को व्यवस्थापन एक जटिल विषय बन्यो। एकात्मक राज्य व्यवस्थाबाट संघात्मक व्यवस्थामा रुपान्तरण हुने पर्याप्त तयारी पनि भएन भन्ने गुनासोहरु आएका छन्। कर्मचारी समायोजन प्रक्रियामा देखिएका जटिलताको विश्लेषण गर्दै समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस्। साथै प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापनमा अव गठन हुने प्रदेश लोक सेवा आयोगले कसरी सहयोग पुऱ्याउन सक्छ ? यसको स्वरुप र कार्यहरु समेत उल्लेख गरी सुझाव दिनुहोस्। १५

५. दिगो विकासका लक्ष्यहरुको दोस्रो तर महत्वपूर्ण लक्ष्यमा 'Zero Hunger' अर्थात् पोषणयुक्त खानाबाट वञ्चित नहुने विषयमा उल्लेख भएको छ। दिगो विकासको यस लक्ष्य सम्बन्धी नेपालको आधारभूत अवस्था (Baseline Situation) को विश्लेषण गर्दै संयुक्त राष्ट्र संघले राखेको यो लक्ष्य समयमै अर्थात् सन् २०३० भित्रै पूरा गर्न हामीले लिनुपर्ने नीति, योजना र कार्यक्रमहरु के हुन सक्छन् ? मौलिक र कार्यान्वयनयोग्य सुझाव दिनुहोस्। १५

६. सरकारी सेवा वृत्ति प्रणाली (Career System) मा आधारित छ। यसलाई पेशाको रुपमा स्वीकारी प्रवेश गर्ने कर्मचारीहरुको सेवा अवधिभर हुने प्रगति नै वृत्ति विकास हो। कर्मचारी सम्बन्धी राम्रो नीतिले भर्नामा योग्यता प्रणाली मात्र अवलम्बन गर्दैन, सेवामा प्रवेश गरिसकेकाहरुलाई योग्यता र क्षमताको आधारमा प्रगति हुने वृत्तीपथ (Career Path) पनि सुनिश्चित् गर्दछ। तर, निजामती सेवामा पदोन्नतिका लागि लिइएका आधार र अंकभार वारम्वार परिवर्तन भईरहनाले नीतिगत अस्थिरता सिर्जना भएको छ। यसबाट पूर्वानुमेयता (Predictable) र न्यायपूर्ण बढुवा प्रणाली वस्न सकेन। कहिले कुनै तत्वलाई,

क्रमशः

॥ २ ॥

कहिले अर्कै तत्वलाई बढी अंकभार दिंदा बढुवा योग्यता वा वरिष्ठता (Merit or Seniority) कुन सिद्धान्त अवलम्बन गरेको भन्नेमा नै अस्पट छ । विभिन्न सेवा समूहहरु वीच बढुवाको अवसर पनि समान छैन । कार्यसम्पादन मूल्याङ्कन वस्तुगत हुन सकेको छैन । उत्कृष्ट काम गर्ने र कामचोर सबैले उही अंक प्राप्त गरेको स्थिति छ । स्थानीय तह र प्रदेश सेवामा समायोजन भईजाने कर्मचारीहरुको बढुवा अझ अन्यौलग्रस्त हुँदैछ । यसर्थ बढुवालाई वृत्ति विकासको रुपमा व्यवस्थित गर्न, यसलाई योग्यतामा आधारित बनाउन देखिएका समस्याहरु, यसले सिर्जना गरेका नकारात्मक परिणामहरु, यस सम्बन्धी विद्यमान नीतिहरुको उल्लेख गर्दै यसमा सुधार ल्याउन लिनुपर्ने नीति, रणनीति र सो को कार्यान्वयन गर्ने कार्ययोजना समेत प्रस्तुत गर्नुहोस् । २५

*समाप्त*

Dotnepal.co